फोनः०५६-४१०१२२/४१०१११
इमेलःichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२

च.नं.

मितिः२०८१/०४/१३

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/१३ )**

इच्छाकामना गाउँपालिका अन्तर्गत इच्छाकामना आधारभूत अस्पतालमा रिक्त पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (पन्ध्र) आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | बिज्ञापन नं | पद | तह | माग संख्या | आबेदन दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०२/०८१/८२ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ (एक) | रु.१२००/- |

**१छनौटको किसिमः .** इच्छाकामना गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम संक्षिप्त सूची प्रकाशन र अन्तरबार्ता ।

**२ .आबश्यक न्यूनतम योग्यता र अनुभवः** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS योग्यता प्राप्त गरी नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नबिकरण गरेको ।

**३ .आबेदन दिने स्थानः** इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन।

**४ आवेदन दिने अन्तिम मितिः .**२०८१/०४ /२७ सम्म कार्यालय समय भित्र। (आवेदन दिने अन्तिम मितिमा सार्बजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र)

**५आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः .**

क .नागरिकताको प्रतिलिपी ख. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ग. आवेदन दस्तुर तिरेको रसिद

घ.न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रको प्रतिलिपी

ङ. २ प्रति पासपोर्ट साइजको फोटो र काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपी

च.कामसँग सम्बन्धित अनुभव भए अनुभव पुष्टि गर्ने कागजातको प्रतिलिपि

**६.उमेर हदः**आबेदन दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

७ .**अन्तरवार्ता मितिः** संक्षिप्त सूची प्रकाशन सँगै तोकिने छ।

८.सेवा सुबिधा तथा अन्यः गाउँ कार्यपालिकाले तोके बमोजिम।

**पुनश्चः** आवेदनको ढाँचा गाउँपालिकाको वेब साइट www.ichchhakamanamun.gov.np मा उपलब्ध छ र अन्य जानकारीको लागि यस गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत